# जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/८३
चलानी नं.:-

Web Site.- janakpurmun.gov.np
E-mail.- janakpursmc@gmail.com


## सेवा करारमा कर्मचारी भर्ना लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०८/२५ गते

यस जनकपुरधाम उप-महानगरपालिकालाई तपसिलमा उल्लेखित पदहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को ७ बमोजिम र जनकपुर उप-महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ को आधारमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिकहरूलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचनामा प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुन आह्वान गरिएको छ।

| सि. नं. | विज्ञापन नम्बर | पदको नाम र तह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | ईलेक्ट्रिकल इन्जिनियर, सातौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इन्जिनियरिंग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरी नेपाल इन्जिनियरिंग परिषदमा दर्ता भएको | जनकपुर उप-महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ मा उल्लेख भए बमोजिम |

**शर्तहरु :-**

१. उमेरको हद १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष पुरा नगरेको हुनुपर्ने ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

३. आवेदकको दरखास्तका साथै न्यूनतम शैक्षिक योग्यता तथा अनुभवको प्रमाण-पत्रको प्रतिलिपीको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ।

४. दरखास्त दस्तुर निर्धारण गरे बमोजिमको रसिद निवेदन साथ पेश गर्नु पर्नेछ ।

५. स्थानीय तहमा कार्य गरेकोलाई विशेष प्राहयता दिईनेछ ।

६. पारिश्रमिक करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईनेछ।

७. परिक्षा दस्तुर दस्तुर रु. १,२००/- (एक हजार दुई सय मात्र)।

८. सम्पर्क मिति: आवेदन दिने अन्तिम मितिको ७औ दिन ।

९. परिक्षा मिति: सम्पर्क मितिमा तोकिनेछ ।

१०. अन्तवार्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण-पत्र लिएर उपस्थित हुनुपर्नेछ ।

११. सेवा अवधि:

क) २०८३ आषाढ मसान्त सम्म र का.स.मु. को आधारमा कार्यालयले म्याद थप गर्न सकिनेछ।

ख) संघ, प्रदेश वा स्थानीय तहबाट सो पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।

१२. दरखास्त पाउने स्थान यस पालिकाको Website: janakpurmun.gov.np वा प्रशासन शाखा ।

१३. दरखास्त बुझाउने स्थान ज.उ.म.न.पा. को प्रशासन शाखामा बुझाउन सकिन्छ ।

१४. दरखास्त बुझाउने अन्तिम मिति: २०८२/०९/१०

१५. आबेदन दिने अन्तिम दिनमा बिदा परेमा सो को भोलि पल्टसम्म आबेदन दिन सकिनेछ ।

१६. पदपुर्ति सम्वन्धी अन्तिम निर्णय लिने अधिकार ज.न.म.न.पा.पदपुर्ति समितीमा निहित रहनेछ । यसमा कुनै किसिमको पुनरावेदन लाग्ने छैन ।

मित्रलाल ढकाल
प्रमुख प्रशासकीय अधिकृत